# नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०७४

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका,२०७३ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, सुशासन (व्यावस्थापन तथा सञ्चालन) ऐन ,२०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका , २०७३ को दफा ३ मा संशोधन : अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका ,२०७३ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा ३ उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो निर्देशिका प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारीता गर्न चाहने व्य क्ती वा संस्थाले दर्ताको लागि विभागले तोकेको अवधिभित्र अनुसूचि- १ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ।"

३. मूल निर्देशिकाको दफा ६ मा संशोधन :- मूल निर्देशिकाको दफा ६ को उपदफा (१) मा रहेका "प्रत्येक बर्षको असार मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "प्रत्येक आर्थिक वर्ष सामाप्त भएको मितिले तीन महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले

महेन्द्र मान गुरुङ्ग

नेपाल सरकारको सचिव